# २०औं ग्रीष्मकालीन एसियाली खेलमा नेपालले ३२ खेलमा सहभागिता जनाउने

**हिमालय टाइम्स**

काठमाडौं, १ असोज

जापानको आइचि र नागोयामा यही सन् २०२६ सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म आयोजना हुने २० औं ग्रीष्मकालीन एसियाली खेलमा नेपालले ३२ खेलमा सहभागिता जनाउने भएको छ। नेपाल ओलम्पिक कमिटी (एनओसी) का अनुसार आयोजक कमिटीको प्रारम्भिक तालिकाअनुसार सन् २०२५ को जुन ३० भित्र विभिन्न खेलमा सहभागी हुने खेलाडीहरूको दर्ता गर्नुपर्ने अन्तिम मिति थियो। सो मितिसम्म नेपालका विभिन्न राष्ट्रिय खेल संघहरूबाट प्राप्त पत्रअनुसार ३० खेलमा सहभागी हुने खेलाडीहरूको सूची (एनओसी) मार्फत् दर्ता गरिएको थियो।

त्यसपछि आयोजक कमिटीको तालिकाअनुसार सन् २०२५ सेप्टेम्बर १६ मा खेलाडीहरूको अन्तिम दर्ता प्रक्रिया सम्पन्न गर्नुपर्ने समय थियो। तर, सो सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्लाई पटक-पटक पत्राचार गर्दा पनि खेलाडी संख्यासम्बन्धी कुनै जानकारी प्राप्त नभएको (एनओसी) ले बताइएको छ।

(एनओसी) ले पहिला दर्ता गरिएका ३० खेलका राष्ट्रिय संघहरूसँग पुनः सम्पर्क गरी खेलाडीहरूको संख्या उपलब्ध गराउन अनुरोध गरेको थियो। त्यसैअनुसार मंगलबार आयोजक कमिटीमा अन्तिम दर्ता प्रक्रिया सम्पन्न भएको छ। साथै, जुन ३० गते दर्ता नभएका लोकप्रिय र पदक प्राप्त गर्ने सम्भावना भएका खेलका खेलाडीहरू सहभागी हुनबाट वञ्चित नहुन् भन्ने उद्देश्यले सम्बन्धित संघहरूलाई पुनः पत्राचार गरिएको थियो।

विशेषगरी तेक्वान्दो र फुटबल खेलका खेलाडीहरूको संख्या र इभेन्टको विवरणअनुसार आयोजक कमिटीमा थप सहभागीका लागि अनुरोध गरिएको छ। त्यस्तै, नेपाल एथलेटिक्स संघलाई पटक-पटक पत्राचार गरिए पनि जवाफ नआएपछि (एनओसी) ले विगतको सहभागिता र उपलब्ध स्रोतलाई ध्यानमा राखेर लामो दूरीको म्याराथनमा एक पुरुष र एक महिला खेलाडी दर्ता गरेको छ।

अन्ततः ३२ खेलमा नेपालका २३९ पुरुष र १९५ महिला गरी कुल ४३४ खेलाडीको दर्ता प्रक्रिया सम्पन्न भएको जानकारी एनओसीले सार्वजनिक गरेको छ। यससँगै नेपालका खेलाडीहरूले आगामी २०औं एसियाली खेलमा आफ्नो क्षमता प्रदर्शन गर्नेछन्।

# च्याम्पियन्स लिग : आर्सनल र रियलको विजयी सुरुवात, युभेन्ट्स बराबरीमा रोकियो

**लण्डन/ एजेन्सी।** युरोपियन च्याम्पियन्स लिग फुटबलमा रियल म्याड्रिड र आर्सनलले विजयी सुरुवात गरेका छन्। आफ्नो पहिलो खेलमा दुवै टोलीले आ-आफ्नो मैदानमा जित हासिल गरेका हुन्। आर्सनलले एथलेटिक क्लबलाई २-० ले पराजित गऱ्यो भने रियलले १० खेलाडीका बाबजुत मार्सेलीलाई २-१ ले हरायो। खेलको २२औं मिनेटमा तिमोथी वेहले गोल गर्दै मार्सेललाई अग्रता दिलाउनुभएको थियो। तर, १-० ले पछि परेको रियलका लागि किलियन एमबाप्पेले दुईवटै पेनाल्टी गोल गर्दै पुनरागमन जित दिलाउनुभयो।



२८औं मिनेटमा एमबाप्पेले गोल गर्दै खेल बराबरीमा ल्याउनुभएको थियो। पहिलो हाफमा त्यसपछि थप गोल भएनन्। दोस्रो हाफको ७२ औं मिनेटमा डानी कार्भाजालले रातो कार्ड पाएपछि रियल १० खेलाडीमा सीमित भएको थियो। ८१औं मिनेटमा एम्बाप्पेले पेनाल्टीमार्फत् अर्को गोल गर्दै रियलको २-१ को जित पक्का गर्नुभयो। त्यस्तै, अर्को खेलमा आर्सनलले एथलेटिक क्लबमाथि सहज जित हासिल गऱ्यो। दोस्रो हाफमा गेब्रियल मार्टिनेलीले मैदानमा छिरेको पहिलो मिनेटमै टोलीलाई अग्रता दिलाउनुभयो। उहाँले ७१औं मिनेटमा लिआन्द्रो ट्रोसार्डको पासमा दोस्रो गोल गर्नुभएको थियो। खेलको ८६औं मिनेटमा ट्रोसार्डले अग्रता दोब्बर बनाउनुभयो। अन्य खेलमा युनियन साइन्ट जिलोइसले पिएसभीलाई ३-१ ले पराजित गरेको छ भने क्वाबगले बेनिफिकालाई ३-२ ले हराएको छ। त्यस्तै, युभेन्ट्स र बौरुसिया डर्टमुन्डबीचको खेल ४-४ को बराबरीमा सकियो। टोटनह्यामले भिल्लारियललाई १-० ले पराजित गऱ्यो।

# इवाले जितिन् सबैभन्दा कम उमेरमा टेनिस उपाधि

**एजेन्सी।** अमेरिकी नवप्रतिभा इवा जोविकले डब्लुटिए टेनिसको उपाधि जित्नुभएको छ। यससँगै उहाँले सबैभन्दा कम उमेरमा डब्लुटिए उपाधि जित्ने इतिहास पनि आफ्नो नाममा लेखाउन सफल हुनुभएको छ।

१७ वर्ष २८३ दिनको उमेरमा इवाले मेक्सिकोमा आयोजना भएको ग्वाडलहारा ओपनको फाइनलमा कोलम्बियाकी एमिलियाना अरंगोलाई पराजित गर्दै यो इतिहास रच्नुभएको हो। उहाँले यसअघि रसियाकी मीरा एन्ड्रियाले १७ वर्ष २९९ दिनमा बनाएको कीर्तिमान तोड्नुभएको हो।

इवा डब्लुटिए टुरको उपाधि जित्ने पनि सबैभन्दा कान्छी खेलाडी हुनुहुन्छ। यसअघि सन् २०२१ मा कोको गौफले इटालीको पर्मा ओपनको उपाधि जित्नुभएको थियो। इवाले ग्वाडलहारा ओपनमा प्रवेश गर्दा उहाँको विश्व वरीयता ७३औं स्थानमा थियो।



उपाधि जितेपछि उहाँले विश्व वरीयतामा पनि छलाङ मार्न सफल हुनुभएको छ। पछिल्लो समय उहाँ विश्व वरीयतामा ३६औं स्थानमा हुनुहुन्छ। उहाँले एक वर्ष नबित्दै यो उपलब्धि हासिल गर्न सफल हुनुभएको हो। सन् २०२५ को सुरुवातमा उहाँको वरीयता २०६औं थियो। ग्वाडलहारा ओपनको नयाँ विजेता इवा अमेरिकी राज्य क्यालिफोर्नियाको टोरेन्स शहरकी हुनुहुन्छ। उहाँकी आमा क्रोएसियाकी हुनुहुन्छ भने बुबा सर्बियाका हुनुहुन्छ। उहाँले सन् २०२२ मा १४ वर्षको उमेरमा लसएन्जलर्स यू-१५ आइटिएफ प्रतियोगितामा पहिलोपटक प्रतिस्पर्धा गर्नुभएको थियो। उहाँले फाइनलसम्मको यात्रा तय पनि गर्नुभएको थियो।

सन् २०२३ मा डब्लु-२५ रेटिङमा पहिलो आइटिएफ उपाधि जित्नुअघि सन् २०२२ मा उहाँ जुनियर युएस ओपनको तेस्रो चरणसम्म पुग्नुभएको थियो। गत वर्ष युएस ओपनमा वाइल्ड कार्डमार्फत् प्रवेश पाउनुभएकी उहाँ पोल्याण्डकी म्याग्डा लिनेटलाई हराउँदै दोस्रो चरणसम्मको यात्रा पनि तय गर्नुभएको थियो।

यही प्रतियोगितामार्फत् उहाँको ग्राण्डस्लाम यात्रा सुरु भएको थियो। यही वर्षको अष्ट्रेलियन ओपनमा पनि उहाँलाई वाइल्ड कार्डमार्फत् प्रवेश दिइएको थियो।

जहाँ उहाँले स्पेनकी नुरिया पेरिजास-डियाजलाई हराउनुभएको थियो। यसै वर्षको विम्बल्डनमा पनि छनोट हुनुभएकी उहाँ नेदरल्याण्डकी सुजान लामेन्ससँग पराजित भएपछि पहिलो चरणबाटै बाहिरिनुभएको थियो।

# माल्दिभ्सको पोष्टमा भारतको आधा दर्जन गोल

**एजेन्सी**

नयाँदिल्ली, १ असोज

मोहम्मद अब्दुल्लाहको ह्याट्रिकसँगै पाकिस्तानले साफ यू-१७ च्याम्पियनसिपमा सानदार सुरुवात गरेको छ। कोलम्बो रेसकोर्स स्टेडियममा मंगलबार सम्पन्न खेलमा भुटानलाई ४-० ले पराजित गरेको हो। जितसँगै पाकिस्तानले तीन अंक जोडेको छ। पाकिस्तानको जितमा मोहम्मदबाहेक हम्जा यासिरले एक गोल थप्नुभयो।



यसैगरी, भारतले साफ यू-१७ च्याम्पियनसिपमा गोलको वर्षा गरेको छ। कोलम्बो रेसकोर्स स्पोर्ट्स कम्प्लेक्समा सम्पन्न समूह ‘बी’को पहिलो खेलमा माल्दिभ्समाथि ६-० को जित दर्ता गरेको हो। भारतको जितमा डल्लामुवन गाङ्तेले दुई गोल गर्नुभयो। ऋषिकेश छरण, कामगोहाउ डोउङ्गेल, गुनलेइबा वाङखेइराकपम र आजीम पर्भीज नजरले समान एक गोल थप्नुभयो। जितसँगै भारतले तीन अंक जोडेको छ।

■ एसिया कप क्रिकेट

# सुपर-४ को दौड अझै रोमाञ्चक

**एजेन्सी**

ढाका, १ असोज

एसिया कप क्रिकेटअन्तर्गत मंगलबार राती सम्पन्न रोमाञ्चक खेलमा बंगलादेशले अफगानिस्तानलाई ८ रनले पराजित गरेको छ। खेलमा बंगलादेशले पहिले ब्याटिङ गर्दै १५४ रन बनाएको थियो, जसको जवाफमा अफगानिस्तान टोलीले संघर्ष गऱ्यो र १४६ रनमात्र बनाउन सक्यो। यससँगै बंगलादेशले सुपर-४ मा पुग्ने आशा जीवितै राखेको छ भने समूह-बीमा सुपर-४ को दौड अझ रोमाञ्चक बनेको छ।

अज्मतुल्लाह उमरजाई ३० रनमा आउट हुनेबित्तिकै बंगलादेशले खेलमा पुनरागमन गरेको थियो। अफगानिस्तान टोलीको आधा भाग ७७ रनको स्कोरमा पवेलियन फर्किएको थियो। यहाँबाट अज्मतुल्लाह उमरजाईले अफगान टोलीका लागि आशा जगाउनुभएको थियो। उहाँले १६ बलमा ३० रनको द्रुत इनिङ खेल्नुभयो र अफगानिस्तानको जितको आशा बढाउनुभयो तर १६औं ओभरमा तस्किन अहमदले उहाँलाई आउट गर्नुभयो। यहींबाट खेलको मोड परिवर्तन भयो।

अफगानिस्तानले १५५ रनको लक्ष्य हासिल गरेर मात्र सुपर-४ मा जान सक्थ्यो तर लक्ष्यभन्दा ८ रन पछाडि रह्यो। अन्तिम ४ ओभरमा अफगानिस्तानलाई जित्न ४५ रन चाहिएको थियो। कप्तान रशिद खान अझै क्रिजमा हुनुहुन्थ्यो र उहाँले १७औं ओभरमा १४ रन बनाउनुभयो।

अफगानिस्तानी टोलीलाई अन्तिम २ ओभरमा जित्न २७ रन चाहिएको थियो। रशिद खानले १९औं ओभरको पहिलो बलमा चौका प्रहार गर्नुभयो, जसका कारण अफगानिस्तानको जितको आशा जीवितै रह्यो तर मुस्ताफिजुर रहमानले उहाँलाई अर्को बलमा आउट गर्नुभयो। मुस्ताफिजुरले अर्को बलमा गजनफरलाई पनि आउट गर्नुभयो तर आफ्नो ह्याट्रिक पूरा गर्न सक्नुभएन।

नुर अहमदले अन्तिम ओभरमा दुई छक्का प्रहार गर्नुभयो तर यो सबै अफगानिस्तानको जितका लागि अपर्याप्त साबित भयो। समूह ‘बी’बाट कुनै पनि टोली अहिलेसम्म सुपर-४ का लागि छनोट भएको छैन। यससँगै सुपर-४ मा पुग्ने टोलीको आशा पनि अक्षुण्ण छ। यदि अफगानिस्तानले अर्को चरणमा प्रवेश गर्नु छ भने उसले अन्तिम खेलमा श्रीलंकालाई ठूलो अन्तरले हराउनुपर्नेछ। यदि श्रीलंकाले जित्यो भने बंगलादेश छनोट हुनेछ।


## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**जोरपाटी, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

## आन्तरिक आयको बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८२/०६/०२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, गोकर्णेश्वर नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ र गोकर्णेश्वर नगरपालिकाको आर्थिक ऐन, २०८२/८३ को प्रावधान अनुसार देहायका शिर्षकको राजश्व असुली सम्बन्धी कार्य ठेक्का मार्फत गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रकृया पुरा गरेका इच्छुक फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समयभित्र बोलपत्र www.bolpatra.gov.np/egp/ मार्फत पेश गर्नु पर्नेछ। थप जानकारीका लागि कार्यालय समयभित्र नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

| आय ठेक्का नं. | ठेक्का विवरण | आय सङ्कलन गर्ने क्षेत्र | आय सङ्कलन वस्तु र दर | कुल न्यूनतम अङ्क कर तथा भ्याट बाहेक | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| GOMUN/ NCB/RE/ 082-83/03 | कवाडी कर सङ्कलन | गोकर्णेश्वर नगरपालिका | अनुसूची-५ मा उल्लेखित वस्तु र दर (संकेत नं १७ देखि २१ र २७ वाहेक) | १,५०,००,०००.००।- (रकम रु. एक करोड पचास लाख मात्र) | ३०००।- |

१) योग्य बोलपत्रदाताहरूले गोकर्णेश्वर नगरपालिका जोरपाटी, काठमाडौंको कार्यालयमा थप जानकारी प्राप्त गर्न सक्ने छन्। ई-मेल पत्राचार ठेगानाः- gokarneshwormun@gmail.com टेलिफोनः- ०१-४९१४११४, ०१-४९१४११५, वा PPMO वेबसाइट www.bolpatra.gov.np/egp मा जान सक्नुहुन्छ।

२) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब २०८०/८१ सम्मको फर्म नविकरण, आ.व २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र पेश गरि २०८२/०७/०२ गते १२:०० बजे सम्म अथवा सो भन्दा अगाडी डाउनलोड गरि www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्ने छ। बोलपत्र दस्तुरवापत तोकिएको रकम (फिर्ता नहुने) यस कार्यालयको कृषि विकास बैक जोरपाटी शाखामा रहेको राजस्व खाता नं. ०२१०८०११४६१५६१९९ मा जम्मा गरी सो को प्रतिलिपि पेश गर्नु पर्ने छ।

३) धरौटी वापत कबोल अङ्कको पाँच (५) प्रतिशतले हुन आउने रकम यस कार्यालयको कृषि विकास बैक जोरपाटी शाखामा रहेको धरौटी खाता नं. ०२१०८०११४६१५६०८३ मा जम्मा गरेको भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैकबाट जारी भएको १२० दिन सम्म म्याद भएको विड जमानतको प्रतिलिपि www.bolpatra.gov.np/egp/ मार्फत पेश गर्नु पर्नेछ।

४) माथि उल्लेखित आय ठेक्काका लागि दाखिला गर्ने अन्तिम मिति २०८२/०७/०२ गते १२:०० बजे सम्म अनलाइन प्रक्रिया मार्फत पेश गर्नु पर्ने छ र प्राप्त भएको बोलपत्र सोहि दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ। यस कार्यलयमा पेश हुन आएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतितिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहेवरमा खोलिने छ।

५) ठेक्का अवधिः ठेक्का सम्झौता भएको मिति देखि लागु भई २०८३ को असार मसान्त सम्म कायम रहने छ।

६) प्रि-बिड मीटिंग यस नगरपालिकाको कार्यालयमा मिति २०८२/०६/१९ गते दिउसोको १:०० बजे बस्ने छ।

७) बोलपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बोलपत्र खरिद तथा दाखिला गरिनेछ। आय बोलपत्र सम्वन्धी अन्य शर्त एवं विस्तृत विवरण कार्यालयको सूचना पाटी एवं वेभसाईटमा प्रकाशित सूचना बमोजिम हुनेछ।

८) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (China) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम् खुद्रा बक्री मुल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि.नं | मालवस्तुको विवरण | वस्तुको प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम् खुद्रा बिक्री मूल्य(MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cookerhood | Electric | Bencardo | F-900 | 90cm | China | Pcs. | 16500/- | 16500/- | |
| 2. | Cookerhood | Electric | Bencardo | F-910 | 90cm | China | Pcs. | 19500/- | 19500/- | |
| 3. | Cookerhood | Electric | Bencardo | F-915 | 90cm | China | Pcs. | 19990/- | 19990/- | |
| 4. | Cookerhood | Electric | Bencardo | F-905 | 90cm | China | Pcs. | 15500/- | 15500/- | |
| 5. | Cookerhood | Electric | Bencardo | F-906 | 90cm | China | Pcs. | 18500/- | 18500/- | |
| 6. | Cookerhood | Electric | Bencardo | F-918 | 90cm | China | Pcs. | 23500/- | 23500/- | |

बिक्रेता फर्मको नाम: डि.के.जी.एम ईन्टरप्राइजेज प्रा.लि., बुटवल, नेपाल, +९७७ ९८०१३११२९० पान नं: ६०३५८६७८९



## Panchkhal Municipality
**Office of Municipal Executive**
**Panchkhal, Kavrepalanchok**
**Bagamati Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2025/09/18**

Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Bid security amount (NRs) | Bid document fee (NRs) | Average Annual Turnover ( Without Vat) |
|---|---|---|---|---|---|
| 1 | PMW9/NCB/WORKS/ 01/2082/83 | Chapadanda Gairigaun Road | 7,50,000/- | 5,000/- | 3,88,60,000/- |
| 2 | PMW10/NCB/WORKS/ 01/2082/83 | Andheri Khola Bela Sadak | 7,50,000/- | 5,000/- | 3,88,60,000/- |
| 3 | PMW12/NCB/WORKS/ 01/2082/83 | Aazad Ma.Bi Nagbeli Bhimsenthan Road | 7,50,000/- | 5,000/- | 3,88,60,000/- |

| code | Name of the bank, office account no. | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. 11691 | Nepal Bank Ltd., Panchkhal Branch<br>**For Bid Fee:**<br>Account No.- 12403000001001000001<br>Account Name :- Panchkhal GA 1.1 AANTARIK RAJASWA<br>**For Bid Security:**<br>Account No.- 12403000003000000001<br>Account Name :- GA 3.1 Panchkhal Na Pa STHANIYA TAHA Dharauti Khata | Panchkhal Municipality Office at 1:00 PM, 2025/10/08 | on or before 12:00 Noon, 2025/10/19 | 2025/10/19 at 1:00 PM, at the office of Panchkhal Municipality. | 120/150 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website **www.bolpatra.gov.np/egp**.